आज मिति २०७७ जेठ ३२ गते आईतबारको दिन दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८९ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री काजी कुमार पोखरेल | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

३. श्री गीता तामाङ (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/२/३० गते नगर प्रमुखज्यूबाट मिति २०७७/२/३२ गते नगर कार्यपालिकाको ८९ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | नगर सभाको स्थान छनौट समेतका सम्बन्धमा । | | • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ मा भएको व्यवस्था बमोजिम यस दक्षिणकाली नगरपालिकाको आ.ब.०७७/०७८ को लागी वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमाको लागी सभाको बैठक नगर प्रमुखले बोलाउने व्यवस्था भए अनुरुप २०७७ असार १० गते हुने बैठक यसै नगरपालिका वडा नं.६ मा रहेको फर्पिङ्ग पार्टी प्यालेसमा सञ्चालन गर्ने । हालको विषम परिस्थितिलाई मध्यनजर राखी नेपाल सरकारले जारी गरेका निर्देशन तथा जानकारीहरुलाई हामी सबैबाट मनन गरी पालना गर्ने गराउने कुराहरुलाई यथार्थतामा परिणत गर्ने । |
| २. | साधारण निर्माणमुखी खनिज पदार्थ (खानी) अनुगमन प्रतिवेदन सम्बन्धमा । | | • खानी सम्बन्धमा अनुगमन गर्न गठीत उप समितिले मिति २०७७/२/३२ मा नगर प्रमुख समक्ष प्रस्तुत प्रतिवेदन, वडा नं. ७ को कार्यालयको खानी नविकरणको लागी गरिएको सिफारिस र वार्षिक वातावरणीय परिक्षण प्रतिवेदनको आधारमा चाँदनी बालुवा उद्योग प्रा.लि.लाई २०७७ असार मसान्त सम्मका लागी नविकरण गर्ने र खानी अनुगमन उपसमितिको प्रतिवेदन अनुसार कानुन बर्खिलाप कार्यलाई तुरुन्त रोक्ने र कानुनी दायरामा ल्याउन नगरपालिकाले कारवाही गर्ने । |
| ३. | ढुङ्गा, गिट्टी, बालुवा, माटो र ग्राभेल संकलन तथा बिक्री शुल्क आ.ब.०७७/०७८ को ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा । | | • यस नगरपालिका भित्र आगामी आ.ब.०७७/०७८ को लागी ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा र माटो लगायत प्राकृतिक स्रोतको संकलन तथा बिक्री करको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा स्थानीय राजश्व परामर्श समितिबाट मिति २०७७/२/१९ मा गठित कार्यदलबाट प्राप्त प्रतिवेदन समेतका आधारमा आगामी आ.ब.को ठेक्का आव्हान गर्न न्यूनतम अंक रु.३,६०,०५,०००।- (तिन करोड साठी लाख पाँच हजार रुपैयाँ) कायम गर्ने भनी सिफारिस भई आएको हुदाँ सोही रकमलाई न्यूनतम रकम कायम गरी ठेक्काको लागी सुचना प्रकाशित गर्ने तर्फ नगरपालिकाले कारवाही गरी कानुन बमोजिम गर्ने । |

(दिपक कुमार के.सी.)
प्र.अ.तथा प्र.अधिकृत

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

<table>
<tr>
<td>४.</td>
<td>६०/४० कोष स्थापना रकमबाट आयोजना सञ्चालन गर्ने सम्बन्धमा ।</td>
<td></td>
<td>

• चालु आ.ब.०७६/०७७ मा नगर विकास योजना अन्तर्गत ६०/४० प्रतिशतको लागत सहभागितामा आयोजना सञ्चालन गर्ने गरी ६०/४० कोष स्थापना शिर्षकमा छुट्टाएको रकम रु. एक करोडबाट देहायका आयोजनाहरु यसै आ.ब.मा नगर प्रमुखबाट स्वीकृत गराई विस्वस्तताको आधारमा नगरपालिका तथा नगद लागत सहभागिता समेतमा निम्न आयोजनामा देहाय अनुसार ल.ई.सहीत सम्झौता गराई कार्य गर्न सहमती दिने ।

<u>तपसिल</u>

<table>
<tr><th>क. सं.</th><th>आयोजनाको नाम</th><th>वडा नं.</th><th>लागत अनुमान</th><th>न.पा.ले बेहोर्ने</th><th>लागत सहभागीता रकम</th></tr>
<tr><td>१</td><td>ढेवी ढलान बाटो निर्माण उपभोक्ता समिति</td><td>द.न.पा.६</td><td>४०,०६,६८४।-</td><td>२४,०४,०१०।-</td><td>१६,०२,६७३</td></tr>
<tr><td>२</td><td>गणेश मन्दिर मर्मत हल निर्माण</td><td>द.न.पा.३</td><td>१३,७८,४०५।-</td><td>७,००,०००।-</td><td>५,७८,४०५।-</td></tr>
<tr><td>३</td><td>श्री अरुणोदय मा.वि.पूर्वाधार निर्माण</td><td>द.न.पा.५</td><td>५,००,०००।-</td><td>३,००,०००।-</td><td>२,००,०००।-</td></tr>
<tr><td>४</td><td>कोटालटोल तल्लो बस्ती बाटो ढलान</td><td>द.न.पा.६</td><td>१२,७८,९७७।-</td><td>७,६७,३८६।-</td><td>५,११,५९०।-</td></tr>
<tr><td>५</td><td>ग्यास फ्याक्ट्रिबाट स्थानिय गाउँ तह सम्म पुग्ने सडक निर्माण</td><td>द.न.पा.१</td><td colspan="3">लागत अनुमान अनुसार हुने ।</td></tr>
</table>

</td>
</tr>
<tr>
<td>५.</td>
<td>विविध ।</td>
<td></td>
<td>

• नगरपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयहरु लकडाउन अवधि अर्थात् २०७६ चैत्र ११ गते देखी नै राहत वितरण, कोरोना संक्रमण नियन्त्रण गर्ने कार्य तथा कार्यालयबाट प्रदान गरीने सेवा प्रवाह समेतका कार्यहरु केही कर्मचारीहरु आई गर्ने गरेको र २०७७ असार १ गते देखी पनि सोही अनुसार कार्यालय सञ्चालनमा ल्याउने ।<br>
• यस कार्यालयको कानुनी सहजकर्ताले न्यायीक समिति लगायत अन्य नगरपालिकाको काममा लगाएको अवस्था हुदाँ न्यायिक समिति बैठक भत्ता लगायत नगरपालिकाको अन्य कर्मचारी सरह सेवा सुविधा नगरपालिकाले भुक्तानी दिने ।<br>
• द.न.पा.३ स्थित भञ्ज्याङ्ग पिपलबोट देखी वडा कार्यालयसम्मको बाटो ढलानको लागी रकम रु.१०,००,०००।- (दश लाख) मर्मत सम्भार कोषबाट विनियोजन गरी सम्झौता गरी कार्य गर्ने ।

</td>
</tr>
</table>

प्रतिलिपि प्रमाणित

(दिपक कुमार के.सी.)
प्रा.अ.तथा प्र.अधिकृत

बागमती प्रदेश, नेपाल